**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- राज्यपाल आर एन रबीले पश्चिम बंगालको विधानसभा विघटन गर्नु भएको छ।
- गृहमन्त्री अमित शाहले आज कोलकतामा नव निर्वाचित भाजपा विधायकहरूसँग बैठक गर्नु हुनेछ ।
- पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डले आज २०२६ को माध्यमिक परीक्षाको नतिजा घोषणा गर्नेछ।
- आकाशवाणीले आफ्नो ९० औं वार्षिकोत्सवको अवसरमा राष्ट्रिय राजधानी दिल्लीमा म्याराथनको आयोजना गऱ्यो।
- सिंगुरमा कारखाना स्थापना गर्न असफल भएकोमा टाटा मोटर्सलाई क्षतिपूर्ति स्वरुप ७६५.७८ करोड रुपियाँ तिर्नुपर्ने आदेशलाई कलकत्ता उच्च अदालतले अस्थायी रूपमा रोक लगाएको छ।

**राज्यपाल- विधानसभा विघटन**

राज्यपाल आर एन रबीले पश्चिम बंगालको विधानसभा विघटन गर्नु भएको छ। उहाँले एक अधिसुचना जारी गर्नु हुँदै राज्यको विधानसभा विघटन गरिएको घोषणआ गर्नु भएको छ। हालै सम्पन्न भएको पश्चिम बंगाल विधानसभा चुनावमा भारतीय जनता पार्टीले विजय हासिल गरेपछि भोली 9 मई रविन्द्र जयन्तीको अवसरमा कोलकताको ब्रिगेट मैदानमा नयाँ मुख्यमन्त्री सहित नव निर्वाचित विधायकहरूले सपथ ग्रहण गर्नेछन्।

**बाईट**

**अमित शाह- कोलकता**

गृहमन्त्री अमित शाहले आज कोलकतामा नव निर्वाचित भाजपा विधायकहरूसँग बैठक गर्नु हुनेछ । रिपोर्टका अनुसार, उहाँको पहिलो बैठक आज बिहान १० बजेर ३० मिनटमा सुरु हुनेछ र दिउँसो १ बजेसम्म जारी रहनेछ। त्यसपछि उहाँ दिउँसो २ बजेर ५५ मिनटमा न्यूटाउनस्थित विश्व बंगला कन्भेन्सन सेन्टरको लागि प्रस्थान गर्नु हुनेछ। त्यहाँ दिउँसो ३ बजेदेखि भाजपा विधायकहरूसँगको महत्त्वपूर्ण बैठक हुनेछ, जुन साँझ ५ बजेसम्म जारी रहनेछ। उक्त बैठकमा नयाँ पार्टी विधायक दलका नेताको चयन गरिने छ।

**माध्यमिक परीक्षा - नतिजा**

पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डले आज २०२६ को माध्यमिक परीक्षाको नतिजा घोषणा गर्नेछ। बोर्डका अध्यक्ष रामानुज गांगुलीले बिहान ९ बजेर ३० मिनटमा पत्रकार सम्मेलन मार्फत आधिकारिक रूपमा नतिजा सार्वजनिक गर्नु हुनेछ। प्राप्त जानकारी अनुसार, उम्मेदवारहरूले बिहान १० बजेर १५ मिनटदेखि अनलाइन आफ्नो नतिजा हेर्न सक्नेछन्। माध्यमिक परीक्षाको नतिजा बोर्डको आधिकारिक वेबसाइट, wbbsedata.com र WBBSE को आधिकारिक वेबसाइटमा उपलब्ध हुनेछ। विद्यार्थीहरूले मोबाइल एप्स मार्फत पनि आफ्नो नतिजा हेर्न सक्छन्। iResults, माध्यमिक नतिजा, र Edutips एप गुगल प्ले स्टोरबाट डाउनलोड गर्न सकिन्छ। बोर्डले नतिजा घोषणा भएको दिन सम्बन्धित विद्यालयहरूमा अंकपत्र र अन्य आवश्यक कागजातहरू वितरण गरिने घोषणा पनि गरेको छ। विद्यार्थीहरूले विद्यालयहरूबाट आफ्नो कागजातहरू सङ्कलन गर्न सक्नेछन्। यस वर्ष माध्यमिक परीक्षामा कुल ९ लाख ७१ हजार ३ सय ४० उम्मेदवारहरू उपस्थित भएका थिए।जसमा ४ लाख २६ हजार ७

सय छात्र अनि ५ लाख ४४ हजार ६ सय ६ छात्रा र एक ट्रान्सजेन्डर उम्मेदवार समावेश छन्। गत वर्षको तुलनामा यस वर्ष परीक्षार्थीको संख्या बढेको छ।

**आकाशवाणी- म्यारथन**

आकाशवाणीले आफ्नो ९० औं वार्षिकोत्सवको अवसरमा राष्ट्रिय राजधानी दिल्लीमा म्याराथनको आयोजना गऱ्यो। लगभग साढे तीन किलोमिटरको दौड अल आकाशवाणी भवनबाट सुरु भएर कृषि भवन, रेल भवन र रिजर्भ बैंक भवन हुँदै अल इन्डिया रेडियो भवनमा समापन भयो। आकाशवाणी र दूरदर्शन लगायत प्रसार भारतीका कर्मचारीहरू र उनीहरूका परिवारहरूले म्याराथनमा भाग लिए। प्रसार भारतीका प्रमुख कार्यकारी अधिकारी गौरव द्विवेदी र आकाशवाणीका महानिर्देशक राजीव कुमार जैन पनि यस अवसरमा उपस्थित हुनुहुन्थ्यो। १९३६ मा "बहुजन हिताय बहुजन सुखाय" भन्ने आदर्श वाक्यका साथ स्थापित, आकाशवाणी देशको सबैभन्दा विश्वसनीय प्रसारण माध्यम हो, जसले विभिन्न भाषाहरूमा समाचार बुलेटिनहरू, साथै संगीत, मनोरञ्जन र जन कल्याणकारी कार्यक्रमहरू प्रसारण गर्दछ। यस म्याराथन मार्फत, आकाशवाणीले आफ्नो गौरवशाली संस्कृति र पहिचान मात्र मनाउँदैन, तर स्वास्थ्य, जीवन्तता, एकता र जनसम्पर्कको सन्देश पनि दिँदछ।

**चन्द्रनाथ रथ- दाह संस्कार**

भारतीय जनता पार्टीका नेता शुभेन्दु अधिकारीका निजी सहायक चन्द्रनाथ रथको बिहीबार राति पूर्वा मेदिनीपुर जिल्लाको उनको पुर्ख्यौली गाउँ कुलुपामा दाहसंस्कार गरियो। दाहसंस्कार गर्नुअघि उनको शवलाई सार्वजनिक दर्शनको लागि उनको घरबाट सय मिटर टाढा राखिएको थियो। ठूलो संख्यामा गाउँले र समर्थकहरूले श्रद्धाञ्जली अर्पण गरे र उनलाई अश्रुपूर्ण बिदाई दिए। चन्द्रनाथ रथले पहिले भारतीय वायु सेनामा सेवा गरिसकेका थिए, त्यसैले उनको शवलाई राष्ट्रिय झण्डामा बेरिएको थियो। स्थानीय भाजपा कार्यकर्ता र समर्थकहरू पनि उपस्थित थिए। शव यात्रामा शुभेन्दु अधिकारीका भाइ दिव्येन्दु अधिकारी लगायत धेरै नेता र कार्यकर्ताहरू उपस्थित थिए। बुधबार राति अज्ञात आक्रमणकारीहरूले चन्द्रनाथ रथको गोली हानी हत्या गरेको थियो। घटनापछि शुभेन्दु अधिकारी, सुकान्त मजुमदार र अग्निमित्र पल लगायत धेरै वरिष्ठ राज्य भाजपा नेताहरू अस्पताल पुगेका थिए। भाजपा कार्यकर्ताहरूले अस्पताल बाहिर लामो समयसम्म विरोध प्रदर्शन गरे। भाजपा समर्थकहरूले घटनाको पछाडि तृणमूल समर्थित बदमाशहरूको हात रहेको आरोप लगाएका छन्। राज्य सरकारले यस विषयमा अनुसन्धान गर्न विशेष अनुसन्धान टोली गठन गरेको छ। पुलिसले हिज तीन जना संदिग्धहरूलाई हिरासतमा लिएर सोधपुछ गरिरहेको छ।

**नयाँ जलपाईगढी- भाजपा**

नयाँ जलपाईगडी स्टेशन क्षेत्रमा कथित "सिन्डिकेट शासन" को बढ्दो आरोपहरूको बीचमा, भारतीय जनता पार्टी (भाजपा) ले हिज जागरूकता अभियान सुरु गऱ्यो। भाजपा कार्यकर्ता र समर्थकहरू स्टेशन परिसरमा बासिन्दाहरूसँग अन्तर्क्रिया गर्दै गरेको देखियो। उनीहरूले आरोप लगाए कि सिन्डिकेटहरूले लामो समयदेखि यस क्षेत्रका विभिन्न सेवाहरू र व्यवसायहरूमा प्रभाव पार्दै आएका छन्, जसले गर्दा बासिन्दा र साना व्यवसायहरूलाई समस्या भइरहेको छ। भाजपा नेताहरू अनुसार, सिन्डिकेटहरूले बासिन्दाहरूमाथि थप आर्थिक बोझ थोपरिरहेका छन् र प्रायः विशिष्ट समूहहरूबाट सेवाहरू स्वीकार गर्न बाध्य पारिएका छन्।

**भागोप्रमो – शान्ति जुलुस**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले आगामी 14 मईको दिन दार्जीलिङमा शान्ति जुलुस आयोजना गर्ने भएको छ। विधानसभा चुनावपछि हिज भागोप्रमोले समीक्षा बैठक आयोजना गरेपछि पार्टी अध्यक्ष अनित थापाले शान्ति जुलुस गर्ने घोषणा गर्नु भएको हो। उहाँले आफूहरूलाई चुनावमा मतदान गर्ने सम्पूर्ण मतदाताहरूप्रति आभार प्रकट गर्नु हुँदै पार्टी सधै जनताको साथमा रहेको बताउनु भयो। उहाँले बैठकलाई सम्बोधन गर्ने क्रममा गोर्खा जनमुक्ति मोर्चाले जीटीएमा विभिन्न परियोजनाका लागि आएको कथित धनराशी घोटाला भएको विरोधमा 14 मईको दिन जीटीए मुख्यलाय लालकोठी घेराउ गर्ने कार्यक्रमको जवाफ दिनु हुँदै भन्नु भयो यदि उनीहरूले जीटीएमा भएको धाँधलीबारे जाँच गर्ने माग गर्छ भने वर्ष 2011 देखि नै गरिनु पर्ने बताउनु भयो।

**नोमन राई**

नवनिर्वाचित भाजपा विधायक नोमन राईलाई हिज क्रामाकपा केन्द्रीय मुख्यालयमा भव्य स्वागत जनाइयो। स्वागत कार्यक्रममा परामर्श समितिका चेयरम्यान एवं पूर्व सांसद आ०बी० राईले विधायक नोमन राईलाई खदा एवं मिठाई खुवाएर स्वागत जनाउनु भयो। कार्यक्रममा क्रामाकपा महासचिव नर्बु लामा क्रामाकपा परामर्श समितिका चेयरम्यान आर० बी० राई नवनिर्वाचित विधायक नोमन राईले आफ्नो सम्बोधन राखेका थिए।

**सिंगुर – अदालत**

सिंगुरमा कारखाना स्थापना गर्न असफल भएकोमा टाटा मोटर्सलाई क्षतिपूर्ति स्वरुप ७६५.७८ करोड रुपियाँ तिर्नुपर्ने आदेशलाई कलकत्ता उच्च अदालतले अस्थायी रूपमा रोक लगाएको छ। न्यायाधीश अनिरुद्ध रायको नेतृत्वको पीठले उक्त आदेशमा आठ हप्ताको रोक लगाएको छ। अदालतले राज्य सरकारलाई आठ हप्ता भित्र ब्याङ्क सुरक्षा निक्षेप जम्मा गर्न निर्देशन दिएको छ। पूर्व तृणमूल कांग्रेस सरकारले दायर गरेको याचिकाको आधारमा यो मुद्दा उच्च अदालतमा विचाराधीन छ। यसअघि, मध्यस्थता न्यायाधिकरणको निर्णयमा राज्य सरकारको आपत्ति सर्वोच्च अदालतमा पुगेको थियो। ८ अगस्ट २०२५ मा, सर्वोच्च अदालतले मध्यस्थता न्यायाधिकरणको निर्णयलाई समर्थन गर्दै क्षतिपूर्तिको मुद्दा कलकत्ता उच्च अदालतमा सुनुवाइ हुने बताएको थियो। त्यसपछि, १२ अगस्टमा न्यायाधीश अनिरुद्ध रायको नेतृत्वको पीठमा मुद्दाको सुनुवाइ सुरु भयो र त्यसबेलादेखि धेरै पटक सुनुवाइ भएको छ।

****** ० ******